# खप्तडछान्ना गाउँपालिका
# दोस्रो गाउँसभाका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाबाट स्वीकृतिका लागि गाउँसभामा पेश भएको गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक "आर्थिक ऐन, २०७५" अध्यक्षज्यूले स्वीकृतिका लागि गाउँसभासमक्ष गर्नुभएको प्रस्तावलाई सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाबाट स्वीकृतिका लागि गाउँसभामा पेश भएको गाउँपालिकाको आ.व.०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन, गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको "विनियोजन ऐन, २०७५" अध्यक्षज्यूले स्वीकृतिका लागि गाउँसभासमक्ष गर्नुभएको प्रस्तावलाई सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाबाट स्वीकृतिका लागि गाउँसभामा पेश भएको "खप्तडछान्ना गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४" अध्यक्षज्यूले स्वीकृतिका लागि गाउँसभासमक्ष गर्नुभएको प्रस्तावलाई सर्वसम्मत रुपमा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गाउँ कार्यपालिकाका उपाध्यक्षज्यूले गाउँसभामा प्रस्तुत गर्नुभएको आ.व.०७५।०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट माथि सभाका सदस्यहरुबाट वृहत छलफल गरी छलफलमा उठेका विषयहरुलाई समेत नीति तथा कार्यक्रममा समावेश गरी सोही अनुसार विकास आयोजना तथा कार्यक्रमहरु छनौट गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण अविलम्ब गाउँपालिकाको वेव पेजमा अपलोड गर्ने र उक्त नीति तथा कार्यक्रमको पूर्ण विवरण तथा आ.व. ०७५।०७६ का लागि सञ्चालन हुने गाउँ विकास योजनाहरुको विस्तारित खाका समेटिएको वार्षिक गाउँ विकास योजना पुस्तक यथाशीघ्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाउँसभाका सदस्यज्यूहरुले आ.व. ०७४।०७५ का योजना तथा कार्यक्रमहरुको अवस्थाका बारेमा अध्यक्षको विशेष समय माग गर्नुभएकोमा अध्यक्षज्यूले विशेष समय लिई प्रस्तुत गर्नुभएको आ.व. ०७४।०७५ का आयोजना तथा कार्यक्रमहरुको यथार्थ विवरणलाई सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिका अन्तर्गत र वडाहरुमा कार्यरत कर्मचारीहरुको नेपाल सरकारबाट स्वीकृत दरबन्दी विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र. सं. | पद | श्रेणी/तह | दरबन्दी संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| | **गाउँपालिका** | | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | १ | | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय (शिक्षा) वा अधिकृत छैठौं/सातौं/आठौं | १ | रिक्त | |
| ३ | ईञ्जिनियर | रा.प.तृ.(सिभिल, जनरल, वि.आ.स्यानि. सिँचाई, हाइवे वा अधिकृत सातौं/आठौं) | १ | रिक्त | |
| ४ | नायव सुब्बा | रा.प.अनं. प्रथम (प्रशासन) | ६ | ५ | |
| ५ | नायव सुब्बा | रा.प.अनं. प्रथम (न्याय/प्रशासन) वा अधिकृत छैठौं/सहायक पाँचौं | १ | रिक्त | |
| ६ | प्रा.स./नायव सुब्बा | रा.प.अनं. प्रथम (शिक्षा/प्रशासन) सहायक पाँचौं | १ | रिक्त | |
| ७ | म.वि.नि./स.म.वि.नि.वा खरिदार | रा.प.अनं. प्रथम वा सहायक पाँचौं वा खरिदार/सहायक पाँचौं | १ | रिक्त | |
| ८ | लेखापाल | रा.प.अनं.प्रथम | १ | | |
| ९ | आन्तरिक लेखा परिक्षक | रा.प.अनं. प्रथम/अधिकृत छैटौं/ सहायक पाँचौं | १ | रिक्त | |
| १० | सबईञ्जिनियर(सिभिल जनरल) | रा.प.अनं. प्रथम (प्रा.) वा ईञ्जिनियर छैठौं/ सहायक पाँचौं | १ | रिक्त | |
| ११ | सबईञ्जिनियर(सिभिल आर्कि.) | रा.प.अनं. प्रथम (प्रा.) वा ईञ्जिनियर छैठौं/ सहायक पाँचौं | १ | रिक्त | |
| १२ | सहलेखापाल | रा.प.अनं.द्वितीय वा सहायक पाँचौं/ चौथो | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **वडा कार्यालय वडा नं. १** | | | | |
| १ | खरिदार | रा.प.अनं. द्वितीय प्रशासन | १ | | |
| २ | सबईञ्जिनियर/असिस्टेन्ट सबईञ्जिनियर | रा.प.अनं. प्रथम(प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौं/चौथो(प्रा) | १ | | स्थानीय निकाय अस्थायी स.चौथो (प्रा) |
| | **वडा कार्यालय वडा नं. २** | | | | |
| १ | नायव सुब्बा/खरिदार | रा.प.अनं.प्रथम(प्रा) वा अधिकृत छैठौं वा रा.प.अनं.द्वि(प्रशा.)सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | स्थानीय निकाय स्थायी लेखा चौथोको जिम्मा |
| २ | सबईञ्जिनियर/असिस्टेन्ट सबईञ्जिनियर | रा.प.अनं. प्रथम(प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | |
| | **वडा कार्यालय वडा नं. ३** | | | | |
| १ | नायव सुब्बा/खरिदार | रा.प.अनं.प्र.(प्रा) वा अधिकृत छैठौं वा रा.प. अनं.द्वि(प्रशासन) सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | स्थानीय निकाय स्थायी स.चौथो (प्रा) को जिम्मा |
| २ | असिस्टेन्ट सबईञ्जिनियर | सहायक चौथो (प्रा) | १ | रिक्त | |
| | **वडा कार्यालय वडा नं. ४** | | | | |
| १ | खरिदार | रा.प.अनं. द्वितीय प्रशासन | १ | | |
| २ | असिस्टेन्ट सबईञ्जिनियर | रा.प.अनं. प्रथम(प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | |
| | **वडा कार्यालय वडा नं. ५** | | | | |
| १ | नायव सुब्बा/खरिदार | रा.प.अनं. प्रथम(प्रा) | १ | रिक्त | स्थानीय निकाय स्थायी सहायकचौथो (प्रा) को जिम्मा |
| २ | सबईञ्जिनियर/असिस्टेन्ट सबईञ्जिनियर | रा.प.अनं. प्रथम(प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | स्थानीय निकाय अस्थायी स.चौथो (प्रा) |
| | **वडा कार्यालय वडा नं. ६** | | | | |
| १ | नायव सुब्बा/खरिदार | रा.प.अनं.प्र.(प्रा) वा अधिकृत छैठौं वा रा.प. अनं.द्वि(प्रशासन) सहायक पाँचौं/चौथो(प्रा) | १ | रिक्त | स्थानीय निकाय स्थायी सहायकचौथो (प्रा) को जिम्मा |
| २ | असिस्टेन्ट सबईञ्जिनियर | सहायक चौथो (प्रा) | १ | रिक्त | |
| | **वडा कार्यालय वडा नं. ७** | | | | |
| १ | खरिदार | रा.प.अनं. द्वितीय प्रशासन | १ | | |
| २ | असिस्टेन्ट सबईञ्जिनियर | सहायक चौथो (प्रा) | १ | रिक्त | |

**निर्णय नं. ८**

यस खप्तडछान्ना गाउँपालिका र अन्तर्गतका निकायहरुमा गाउँ कार्यपालिकाको निर्णयानुसार रिक्त दरबन्दीमा र अति आवश्यकता महसुस गरी आ.व.०७४।०७५ देखि सेवा करार गरी नियुक्त गरिएका देहायबमोजिम पदनामका कर्मचारीहरुलाई आ.व.०७५।०७६ का लागि रिक्त दरबन्दीमा नेपाल सरकारबाट पदपूर्ति नहुँदासम्मका लागि पुनः सेवा करार सम्झौता गर्ने गरी निरन्तरता दिने र का.स., स्वीपर जस्ता श्रेणीविहीन कर्मचारीहरुको हकमा पुनः सेवा करार सम्झौता गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

| क्र.सं. | पदको नाम | श्रेणी | सेवा | समुह | पद संख्या |
|---|---|---|---|---|---|
| | **गाउँपालिका** | | | | |
| १ | ईञ्जिनियर (सिभिल जनरल) गाउँपालिका | अधिकृतस्तर छैंटौ तह | प्राविधिक | ईञ्जिनियर | १ |
| २ | असिष्टेण्ट सब इन्जिनियर (सिभिल जनरल) | सहायक चौथो | प्राविधिक | ईञ्जिनियर | १ |
| ३ | कम्प्युटर अपरेटर | सहायक पाँचौ | प्राविधिक | विविध | १ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | २ |
| | **वडा कार्यालय** | | | | |
| ५ | प्राविधिक (वडा नं. ५) | सहायक चौथो | प्राविधिक | ईञ्जिनियर | १ |
| ६ | प्राविधिक (वडा नं. १) | सहायक चौथो | प्राविधिक | ईञ्जिनियर | १ |
| ७ | कार्यालय सहयोगी (७ वटै वडा कार्यालय) | श्रेणी विहिन | | | ७ |
| | **जम्मा** | | | | १४ |

**निर्णय नं. ९**
यस गाउँपालिकाका लागि आ.व. ०७५।०७६ मा नेपाल सरकारबाट विभिन्न विषयगत शाखा तथा निकायहरुका लागि सशर्त रुपमा तोकिएका विभिन्न कार्यक्रम तथा बजेट अनुमोदन गर्ने र सम्बन्धित शाखा तथा निकायको सहयोग र समन्वयमा उक्त कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
यस खप्तडछान्ना गाउँपालिकाको नेपाल सरकारको सशर्त अनुदान तर्फ स्वास्थ्य अन्तर्गत ६ वटा स्वास्थ्य चौकी र गोर्खाली बर्थिङ्ग सेन्टरका लागि आ.व. ०७४।०७५ देखि सेवा करार गरी नियुक्त गरिएका तपसिल बमोजिमका पदहरुमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०७५।०७६ मा पुनः नयाँ करार सम्झौता गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | स्वास्थ्य चौकीको नाम | पदको नाम | तह | समुह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | पौवागढी स्वास्थ्य चौकी | क्षेत्र करार अ.हे.व. | सहायक चौथो | हे.ई. | १ |
| २ | ६ वटा स्वास्थ्य चौकी | अ.न.मी. | सहायक चौथो | नर्सिङ्ग | ६ |
| ३ | गोर्खाली बर्थिङ्ग सेन्टर | अ.न.मी. | सहायक चौथो | नर्सिङ्ग | १ |
| ४ | पौवागढी स्वास्थ्य चौकी | कार्यालय सहयोगी | श्रेणी विहिन | | २ |
| ५ | गडराय स्वास्थ्य चौकी | कार्यालय सहयोगी | श्रेणी विहिन | | १ |
| ६ | स्वास्थ्य शाखा | कार्यालय सहयोगी | श्रेणी विहिन | | १ |
| | **जम्मा** | | | | १२ |

**निर्णय नं. ११**
गाउँपालिकाबाट स्वास्थ्य संस्थालाई छुट्टाइएको व्यवस्थापन खर्चबाट सेवा करारमा लिई कार्य गर्दै आएका छान्ना स्वास्थ्य चौकीको प्रयोगशाला सञ्चालनमा कार्यरत ल्याव असिस्टेन्ट र ६ वटै स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टर र थप सूचिकृत भएका बर्थिङ्ग सेन्टरमा आमा स्याहारकर्ता वा प्रसूति सहयोगी कार्यकर्ता वा स्वीपरजस्ता श्रेणी विहीन कर्मचारीहरुको तत्तत् निकायबाटै पुनः सम्झौता गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १२**
यस गाउँ कार्यपालिका र मातहतका निकायहरु, शाखा र वडा कार्यालयहरुबाट आ.व. ०७४।०७५ भित्र प्रचलित कानुनको अधिनमा रही सम्पादन गरेका सम्पूर्ण कामकारबाहीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**
यस गाउँ कार्यपालिकाले गरेको मदिरा (जाँड रक्सी) निषेधित क्षेत्र घोषणालाई यस गाउँसभाबाट आ.व. ०७५।०७६ का लागि पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १४**
खप्तडछान्ना गाउँपालिकाको विस्तृत तथ्याङ्क समेत समेटिने गरी छान्ना गुरुयोजना तथा प्रोफाइल निर्माण गरी आगामी वर्षमा कार्यक्रम तथा आयोजना छनौट गर्दा गुरुयोजना र वस्तुगत ढाँचालाई आधार मानि वास्तविकताका आधारमा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**
गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा कार्यपालिकाले आवश्यक कार्यविधि बनाई व्यवसाय कर असूल उपर गरिने निर्णय गरियो ।

**निर्णय नं. १६**
गाउँपालिका क्षेत्रभित्र आपूर्ति हुने वस्तु वा सेवाको सहज आपूर्ति तथा गुणस्तरीयता भए नभएको यकिन गरी आपूर्ति व्यवस्था मिलाउने र नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १७**
वडा नं. ३ मा स्वास्थ्य ईकाई नभएका कारण त्यहाँका जनताहरुको स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न गाउँपालिकाबाट सञ्चालनमा ल्याइएको सामुदायिक स्वास्थ्य ईकाईलाई दरबन्दी सहितको स्वास्थ्य चौकीको रुपमा स्थापना गरी सञ्चालन गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १८**
यस खप्तडछान्ना गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा स्थानीय गौरवका आयोजना सञ्चालन गर्न पूँजिगत खर्च शीर्षकमा प्रत्येक वडालाई रु. ३५,००,०००।- का दरले जम्मा रु. २,४५,००,०००।- विनियोजित बजेटलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**
यस खप्तडछान्ना गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा बैठक सञ्चालन तथा वडा कार्यालय व्यवस्थापन तथा पूँजिगत मर्मत सम्भार र पूँजिगत सामग्री खरिद आदि कार्यका लागि चालु खर्च शीर्षकबाट अधिकतम रु. १० (दश लाख) सम्म प्रत्येक वडा कार्यालयहरुलाई छुट्टयाउने निर्णय गरियो ।

**निर्णय नं. २०**
कृषि प्रणालीमा आधुनिकीकरण गरी माटो, हावापानी सुहाउँदो विभिन्न तरकारी तथा फलफूल पकेट क्षेत्र निर्धारण गरी युवाहरुलाई स्वरोजगार बनाउने निर्णय गरियो । साथै, कृषकहरुलाई उत्प्रेरित गर्न पदाधिकारी सहित कृषकहरु सम्मिलित कृषि अवलोकन भ्रमणमा लैजाने व्यवस्था मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

पशु स्वास्थ्य र पोषणमा सुधार ल्याउन कृषकहरुको समूह, समिति गठन गरी डाले घाँस, उन्नत एवं पौष्टिक घाँसपात लगाई व्यावसायिक पशुपालन तर्फ उत्प्रेरित गर्न पशुपालन सम्बन्धी आवश्यक तालिम वा भ्रमणको व्यवस्था समेत मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

गाउँपालिका स्तर तथा वडास्तरबाट सञ्चालित आयोजनाहरु सञ्चालन गर्दा आवश्यकता तथा औचित्यता हेरी ठेक्का प्रणाली वा उपभोक्ता समिति मार्फत गर्न सकिनेछ । तर ठेक्का प्रणालीबाट गर्दा प्रचलित नियमानुसार र उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा गाउँ कार्यपालिकाबाट उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि बनाई सोही अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

गाउँपालिकास्तर तथा वडास्तरबाट निर्माण तथा सञ्चालन हुने आयोजना एवं संरचनाहरुको अन्तिम किस्ता भुक्तानी गर्दा अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन, वडाध्यक्षको सिफारिस र गाउँपालिकाको प्राविधिक मूल्याङ्कनपश्चात् सोको आधारमा मात्र योजनाको अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २४**

**कन्टिन्जेन्सी सम्बन्धी व्यवस्था :**

गाउँपालिका वा अन्तर्गत सञ्चालित कार्यक्रम वा आयोजनाहरुलाई कार्यकुशलता, प्रभावकारीता तथा मितव्ययिताको सिद्धान्त अनुसार आयोजना सञ्चालनमा सहयोग पुऱ्याउन भौतिक पूर्वाधार क्षेत्रभित्रका आयोजनाहरुको पूँजिगत लगानीको ५ (पाँच) प्रतिशत कन्टिजेन्सी कट्टा गरिनेछ । यसरी कट्टा गरिएको ५ प्रतिशतको कन्टिजेन्सी रकमलाई शतप्रतिशत मानी उक्त रकमको ३३ (तेत्तीस) प्रतिशत रकमबाट आयोजना एवं संरचनाहरुको मर्मत सम्भार गर्नका लागि एक स्थायी प्रकृतिको **मर्मत सम्भार कोष** स्थापना गरिनेछ । यसरी मर्मत सम्भारका लागि छुट्टाइएको रकमलाई छुट्टै बैंक खाता खोली सञ्चालनमा ल्याउने र उक्त रकम सम्बन्धित ठाउँमा खर्च गर्दा गाउँ कार्यपालिकाबाट आवश्यक मापदण्ड बनाई मात्र खर्च गर्न सकिने र बाँकी हुन आउने कन्टिन्जेन्सी रकमलाई देहायका विषयमा खर्च गर्न सकिने निर्णय गरियो-

१. आयोजना सर्वे वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रोइङ्ग लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

२. समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च,

३. योजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,

४. कार्यक्रम वा आयोजनाको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, जाँचपास र प्रतिवेदन सम्बन्धी खर्च,

५. सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, कार्यविधिमा उल्लेखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने, गराउने खर्च तथा योजनास्थल होर्डिङ्गबोर्ड स्थापना खर्च,

६. उपभोक्ता समिति गठन, अभिमुखिकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

७. आयोजना व्यवस्थापनका लागि चाहिने अति आवश्यक प्राविधिक उपकरणहरु खरिद र गुणस्तरका लागि आवश्यक तालिम सम्बन्धी खर्च,

८. गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

**निर्णय नं. २५**

गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय एवं अन्तर्गतका शाखा वा निकायबाट संकलन गरिने आय आम्दानी प्रत्येक महिना गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी सोको भौचर गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने निर्णय गरियो । साथै प्रत्येक कार्यालय वा अन्तर्गतका निकायले मासिक प्रगति विवरण प्रत्येक महिनाको ५ गतेभित्र पठाउनु पर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

गाउँपालिकाको कार्यालय, विषयगत समिति,  वडा समिति वा वडा कार्यालय एवं विषयगत शाखाहरुले सम्पादन गरेका कार्यहरुको मासिक प्रगति विवरण तयार गरी कार्यपालिकाको बैठकमा छलफल गरी कमीकमजोरी पाइएमा समयमै सुधार गर्न निर्देशन गर्ने र यस्तो विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

आमनागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने नीति अनुरुप गाउँपालिकाभित्र रहेका जेष्ठ नागरिक, अपाङ्ग, अशक्त नागरिकहरुलाई लक्षित गरी समय समयमा गाउँगाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्ने र निःशुल्क औषधि वितरण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

बालबालिकामा हुने कुपोषणको दरलाई न्यूनिकरण गर्न यस गाउँपालिकाभित्र बालपोषण भत्ता पाउने बालबालिकाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप क्लिनिक, Screen शिविर आदि ठाउँमा सबै बालबालिकालाई महिनाको १ (एक) पटक अनिवार्य तौल लिई पोषणको मापन जाँच गरिसकेपछि मात्र बालपोषण भत्ता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिका क्षेत्रभित्रका कर्मचारी, शिक्षक-शिक्षिका, संघ-संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले आ.व. ०७५।०७६ भित्र आ-आफ्नो घरमा व्यवस्थित शौचालय, व्यवस्थित गोठे मल, चाङ्ग, जुठ्यान, फोहर फाल्ने खाल्डो लगायत घर आँगन सफासुग्घर बनाउने र आ-आफ्नो छरछिमेकलाई समेत सोही बमोजिम गर्न

लगाउने निर्णय गरियो । यदि कुनै पदाधिकारी, कर्मचारी, शिक्षक तथा कुनै पनि सार्वजनिक पद धारण गर्ने व्यक्तिले उल्लेखित कार्य नगरेमा निजहरुलाई स्थानीय सरकारबाट पाउने सेवा सुविधामा कटौति गरिने समेत निर्णय गरियो ।

**निर्णय नं. ३०**

यस गाउँपालिकालाई आगामी ३ वर्षभित्र क्रमशः धुँवा रहित, पूर्ण सरसफाई युक्त, छाउपडीप्रथा मुक्त, बालविवाह मुक्त तथा No More Home Delivery खप्तडछान्ना गाउँपालिका घोषणा गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस गाउँपालिका क्षेत्रभित्र रहेका मा.वि. तहका विद्यालयहरुमध्ये सबैभन्दा बढि प्रतिशतमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालयलाई भौतिक संरचना निर्माण तथा सुधारका साथै शैक्षिक व्यवस्थापनमा गाउँपालिकाबाट विनियोजन गरिने बजेटबाट प्रोत्साहन स्वरुप बढि रकम छुट्टयाउँदै लगिने निर्णय गरियो ।

**निर्णय नं. ३२**

यस गाउँपालिका क्षेत्रभित्र रहेका मा.वि. तहका विद्यालयहरुमध्ये सबैभन्दा बढि प्रतिशतमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालयलाई भौतिक संरचना निर्माण तथा सुधारका साथै शैक्षिक व्यवस्थापनमा गाउँपालिकाबाट विनियोजन गरिने बजेटबाट प्रोत्साहन स्वरुप बढि रकम छुट्टयाउँदै लगिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न विद्यालयमा लामो समयदेखि निरन्तर अध्यापन गराउँदै आइरहेका शिक्षकहरुलाई यस गाउँपालिका भित्रको विविध भौगोलिक अनुभव प्रदान गर्नका लागि आवश्यकताका आधारमा उपयुक्त दरबन्दि मिल्ने गरी आवश्यक मापदण्ड बनाई सरुवा गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३४**

गाउँ समाजमा परम्परागत रुपमा चलिआएका धर्म संस्कृति अनुसारका जात्रा तथा पर्व, लोक परम्परा, रहनसहन र मौलिकताको संरक्षण तथा प्रवर्द्धन गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३५**

तमैल देखि गडरायसम्म सञ्चालनमा रहेको स्थानीय यातायात व्यवस्थालाई सहज, सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउनका लागि निश्चित मापदण्ड बनाई सोका आधारमा मात्र स्थानीय जीप सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३६**

उज्यालोबाट वञ्चित भएका वडाहरुलाई लक्षित गरी लघुजलविद्युत आयोजना निर्माण गर्न आवश्यक प्रबन्ध मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३७**

गाउँपालिकामा विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण योजना तयार गरी सोही अनुरुप कार्य गर्ने र प्राकृतिक विपदमा परेकाहरुको समयमा नै खोज तथा उद्दार गर्न पूर्वतयारी स्वरुप आवश्यक उपकरणहरु खरिद गरी सबै वडा कार्यालयहरुमा तयारी अवस्थामा राख्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै विपद तथा प्राकृतिक प्रकोपमा परेकाहरुलाई राहत उपलब्ध गराउन आवश्यक कार्यविधि तयार गरी सोका आधारमा राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

स्थानीय विकास योजनाको नियमित नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न अध्यक्षज्यूको संयोजकत्वमा देहायबमोजिमको स्थानीय विकास समस्या समाधान समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| **अध्यक्ष श्री वर्क बहादुर रोकाया** | **- संयोजक** |
| उपाध्यक्ष श्री पावसरा थापा | - सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| वडाध्यक्ष श्री हिक्मत बहादुर खत्री, वडा नं. १ | - सदस्य |
| वडाध्यक्ष श्री मंगल सुनार, वडा नं. ३ | - सदस्य |
| वडाध्यक्ष श्री भीमबहादुर रोकाया, वडा नं. ४ | - सदस्य |
| वडाध्यक्ष श्री रामबहादुर सिंह, वडा नं. ७ | - सदस्य |
| सदस्य श्री प्रेम बहादुर थापा, वडा नं. ६ | - सदस्य |
| योजना शाखाका ईञ्जिनियर वा प्राविधिक | - सदस्य |

**निर्णय नं. ३९**

गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई विद्युतीय प्रणाली एवं आधुनिक प्रविधि मार्फत छिटोछरितो, सरल र सहज एवं पारदर्शी रुपमा थप प्रभावकारी बनाई आमनागरिकले अनुभूति गर्नसक्ने बनाउने निर्णय गरियो । साथै, गाउँपालिकाको कार्यालयमा भए गरेका सार्वजनिक गर्नुपर्ने कार्यहरुको पारदर्शीता र सार्वजनिक जवाफदेहीताका लागि वेवसाइटमा राख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४०**

गाउँपालिका र अन्तर्गतका निकायहरुको सार्वजनिक खर्चको पारदर्शीता र सार्वजनिक जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणलाई नियमित रुपमा गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४१**

गाउँसभाबाट र गाउँ कार्यपालिकाबाट स्वीकृत भएका ऐन, नियम, नीति, निर्देशिका, कार्यविधिहरुको पुस्तकको सङ्गालो प्रकाशन गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४२**

स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका विषयहरुसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि निर्माणका लागि कानुनी परामर्श सेवा लिई निर्माण गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४३**

आमा समूहबाट छनौट भई महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवा गरिहेका केही महिला स्वास्थ्य स्वयंसेविकाहरुले दोहोरो पेशामा काम गरी दुवैतर्फबाट पारिश्रमिक लिएको भन्ने गुनासो बारम्बार आइरहेकाले गाउँ कार्यपालिकाबाट सोको अनुगमन गरी यदि त्यस्तो दोहोरो पेशामा काम गरिरहेको पाइएमा सम्बन्धित वडाका आमा समूहसँग छलफल गरी एउटा मात्र पेशा अपनाई पारिश्रमिक लिने भएमात्र महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा निरन्तरता दिने र महिला स्वास्थ्य स्वयंसेविका नभएका वडाहरुमा गाउँ कार्यपालिकाबाट मापदण्ड बनाई सोही मापदण्डका आधारमा गाउँपालिकास्तरबाट नै छनौट गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४४**

स्थानीय शासन तथा सामुदायिक विकास (LGCDP) अन्तर्गत सेवा करार गरी नियुक्त भएका सामाजिक परिचालकहरुको म्याद २०७५ असार ३२ सम्म रहेकाले अर्को व्यवस्था वा निर्णय नभएकाले वहाँहरुलाई आगामी २०७५ श्रावण १ गतेदेखि वडाबाट कुनै पनि काम नलगाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४५**

आफ्नै भवन नभई घरभाडा लिई सेवा प्रवाह गरिरहेका कार्यालय, मातहतका कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको क्रमशः आफ्नै भवन निर्माण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४६**

गाउँ कार्यपालिकाको मिति २०७५।०२।०९ को निर्णयानुसार यस गाउँपालिकाको विकास निर्माण कार्यका लागि एक्साभेटर (जे.सि.वि.) खरिद गर्ने निर्णय भएता पनि सो वर्ष खरिद नगरिएकाले प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमा विनियोजन भएको रकममा कटौती नहुने गरी आ.व. ०७४।०७५ मा खर्च नभई आ.व. ०७५।०७६ मा गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुन आउने मौज्दात रकममध्येबाट आ.व. ०७५।०७६ को पहिलो चौमासिक भित्रै हेभी इक्वीपमेन्ट (BackHoe Loader) खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमा विनियोजन भएको रकममा कटौती नहुने गरी आ.व. ०७४।०७५ मा खर्च नभई आ.व. ०७५।०७६ मा गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुन आउने मौज्दात रकममध्येबाट गाउँ कार्यपालिकाको कार्यालयका लागि एउटा गाडी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

यस गाउँपालिका क्षेत्रभित्र कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम तथा क्रियाकलाप वा गतिविधि गर्नुपूर्व यस गाउँपालिकाको अनुमति लिनुपर्ने र त्यस्ता संघसंस्थाहरुले सञ्चालन गर्ने क्रियाकलाप एवं गतिविधिहरुको नियमित अनुगमन र नियमन गाउँपालिकाले गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४९**

सुआहारा कार्यक्रम, ग्रामीण स्वावलम्वन विकास केन्द्र RSDC बझाङ्ग, प्रगतिशील युवा समाज तथा साईपाल विकास समाज जस्ता गैरसरकारी संस्थाहरुबाट गाउँपालिकाभित्र सञ्चालन हुने कार्यक्रमहरु सञ्चालन गर्नुपूर्व गाउँपालिकामा जानकारी गराई मात्र सञ्चालन गर्ने गरी उक्त संस्थाहरुको आ.व. ०७५।०७६ का लागि वार्षिक कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**

यस गाउँपालिकामा खनिज पदार्थको प्रचुर सम्भावना रहेकोले यसको खोज तथा अन्वेषण र उत्खननका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५१**

गाउँपालिकामा प्राविधिक शिक्षालय स्थापनाका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५२**

यस गाउँपालिकाको जनसंख्याको चापलाई मध्यनजर गरी जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन एम्वुलेन्स सहितको २५ शैयाको अस्पताल स्थापना गर्न नेपाल सरकारसँग आवश्यक पहल गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५३**

गाउँपालिकामा उपलब्ध स्रोतसाधनको कमीका कारण गाउँपालिकास्तरबाट आ.व.२०७५।७६ मा बजेट विनियोजन गर्न नसकेका तर गाउँपालिकामा पूर्वाधार विकासको दृष्टिले महत्वपूर्ण रहेका योजनाहरुलाई प्राथमिकीकरण गरी तपसिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरुमा स्रोत उपलब्धताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र.सं. | कार्यक्रम | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|
| १ | मालिका गुफा गोर्खाली, लिंगापाटन, गुरैल पर्यटकीय मार्ग निर्माण | ✓ | |
| २ | पौवागढी–माइकास्थान–लोखडा–सुगरखाल पर्यटकीय पदयात्रा निर्माण | ✓ | |
| ३ | मेल्तडी मोटर पुल निर्माण | ✓ | |
| ४ | चौकादेखि गडीगाउँसम्म सडक निर्माण | ✓ | |
| ५ | दुनेबगर मोटर पुल निर्माण | ✓ | |
| ६ | देहली–लामातोला सडक निर्माण | | ✓ |
| ७ | कालुखेतीको चट्टान काट्न सेती लोकमार्गलाई दिने | | ✓ |
| ८ | कुच्चेखोला–भट्टेबगर वारीपारी तटबन्धन निर्माण | | ✓ |
| ९ | देहली–जिउला तटबन्धन निर्माण | | ✓ |
| १० | वथान सिँचाई कुलो निर्माण | | ✓ |
| ११ | विनायकदेखि गौसिन सिँचाई कुलो गोर्खाली | | ✓ |
| १२ | मेल्तडी मल्लो धमाली सिँचाई कुलो निर्माण | | ✓ |
| १३ | गडराय खोला–किमुसिन झोलुङ्गे पुल गोर्खाली | | ✓ |
| १४ | बयाना कोटेखेत मा.वि. घेरबार | | ✓ |
| १५ | गडराय स्वास्थ्य चौकी निर्माण | ✓ | |
| १७ | वडा नं. १ को खातीगाउँ, बयाना, गोर्खाली बर्थिङ्ग सेन्टर स्थापना गर्ने | ✓ | |
| १८ | २५ शैयाको अस्पताललाई ७-८ रोपनी जग्गा खरिद | ✓ | |
| १९ | छान्ना स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी प्राथमिक स्वास्थ्य केन्द्रको स्थापना | ✓ | |
| २० | गाउँपालिकाको भवन, वडा कार्यालयहरुको भवन निर्माण | ✓ | |
| २१ | श्यामकाथला-शालिभेगडासम्म विमानस्थलको सम्भाव्यता अध्ययन तथा सर्वे | ✓ | |
| २२ | कालुखेतीको मैलागाउँ लिफ्टररिकेशन सिँचाईका योजना | | ✓ |
| २३ | छान्ना प्रहरी चौकीका लागि जग्गा खरिद | ✓ | |